# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, जेष्ठ ४ गते, २०७९ साल (अतिरिक्ताङ्क ४क


## भाग-२

## कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालयको

## सूचना

### कर्णाली प्रदेश भ्रमण खर्च (पहिलो संशोधन) नियमावली, २०७९

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश भ्रमण खर्च (पहिलो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>भ्रमण खर्च नियमावली, २०७५ को नियम १ मा संशोधनः</u>** भ्रमण खर्च नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १ को उपनियम (१) मा रहेका "भ्रमण खर्च" भन्ने शब्दहरुको अगाडि "कर्णाली प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** मूल नियमावलीको नियम १० को उपनियम (१) को ठाउँ ठाउँमा रहेका "४० किलोमिटर" भन्ने शब्दहरुको सट्टा "चालिस किलोमिटर" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मूल नियमावलीको अनुसूची-४ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची-४ को क्रमसंख्या १ र २ को सट्टा देहायका क्रमसंख्या १ र २ राखिएका छन् :-

| | | |
|---|---|---|
| "१. | अति विशिष्ट | २५० |
| २. | विशिष्ट | २००" |

प्रमाणीकरण मितिः २०७९/०२/०४

आज्ञाले,
लव कुमार अधिकारी
कर्णाली प्रदेश सरकारको निमित्त सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**